annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २३, अंक ९३ पृष्ठ ८ | काठमाडौं, शुक्रवार १८ साउन २०८१ | श्रावण कृष्णपक्ष त्रयोदशी, नेपाल संवत् ११४४ | FRIDAY, AUGUST 2, 2024 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

कभर स्टोरी


# संक्रमणकालीन न्यायमा 'ब्रेक थ्रु'

तत्कालीन सशस्त्र विद्रोही माओवादी र सरकारबीच विस्तृत शान्ति सम्झौतामा हस्ताक्षर भएको १८ वर्ष बढी भयो । ०६३ मंसिर ५ मा भएको त्यही सम्झौतामा टेकेर माओवादी शान्ति प्रक्रियामा आयो । पटक-पटक सत्ताको नेतृत्व लियो । तर, संक्रमणकालीन न्याय टुंगिएन । दुई ठूला दल कांग्रेस र एमाले सत्तामा पुगेपछि बल्ल दलीय कार्यदलमा संक्रमणकालीन न्यायलाई टुंग्याउने विषयमा सहमति जुट्यो । त्यही सहमतिअनुसार संसद्बाट अव कानुन बन्ने र संक्रमणकालीन न्याय टुंगोमा पुग्ने नेताहरू बताउँछन् ।

**दिनेश गौतम** | *काठमाडौं*

- को रिपोर्ट

समाचार पृष्ठ २




**सहमतिका ४ बुँदा**

१. मनसायपूर्वक वा स्वेच्छाचारीपूर्वक गरिएको हत्यालाई मानवअधिकारको गम्भीर उल्लंघनमा समावेश गर्ने ।

२. द्वन्द्वकालमा मारिएका तथा घाइते सुरक्षाकर्मीलाई पीडितकै दर्जा । बहिर्गमित लडाकुलाई पनि द्वन्द्व प्रभावितका रुपमा परिपुरण दिने ।

३. मेलमिलाप र क्षमादानका लागि पीडितको सहमति अनिवार्य चाहिने । पीडितको सहमति भएन भने मानव अधिकारको गम्भीर उल्लंघनमा मुद्दा चलाउन सकिने ।

४. प्रचलित कानुनमा तोकिएको सजायमा २५ प्रतिशतभन्दा नघटाई घटी सजायको मागदाबी गर्न सकिने ।



मेलमिलाप र क्षमादानको लागि पीडितको सहमति आवश्यक हुन्छ । पीडितको सहमति नभए मानव अधिकारको गम्भीर उल्लंघनमा त मुद्दा चल्ने नै भयो ।

**रमेश लेखक**
गृहमन्त्री एवं नेता कांग्रेस



विभिन्न असहमतिको बीच पनि सहमति गर्न सक्छौं भनेर स्थापित गर्न सफल भएका छौं ।

**जनार्दन शर्मा**
उपमहासचिव,
नेकपा माओवादी केन्द्र



कसैले जित्ने/हार्नेभन्दा पनि शान्ति प्रक्रियालाई निष्कर्षमा पुऱ्याउन सरोकारवाला सबैको सहयोग चाहिन्छ ।

**महेश बर्तौला**
प्रमुख सचेतक एमाले

## हिमाली कलासंस्कृति जोगाउन 'यार्तुङ'



**कर्मा घ्याचो गुरुङ**

इजलास

धार्मिक, सांस्कृतिक, ऐतिहासिक एवं हिमाली सभ्यता, रीतिरिवाज र परम्पराले भरिपूर्ण जिल्ला हो- मुस्ताङ। मुस्ताङको तल्लो क्षेत्रका थकाली समुदायले तोरन्ल, तेरमी, त्यूङल्हा पर्वका साथै खिल्हा र आङ्ख्ला पर्व मनाउँछन्। उपल्लो मुस्ताङमा तिजी र यार्तुङ पर्व मनाइने गरिन्छ। बाह्र गाउँ क्षेत्रमा यार्तुङ र धज्याङ पर्व मनाउने प्रचलन छ।

बाह्र गाउँ क्षेत्रको यार्तुङ धार्मिक पर्व हो। हाम्रो गाउँपालिकाले यार्तुङ पर्वको मौलिकता संरक्षण, सम्बर्द्धन र पुस्तान्तरण गर्ने र पर्वकै माध्यमबाट पर्यटन प्रबर्द्धनसँग जोड्ने प्रयास गरिरहेको छ।

मुस्ताङको कागबेनीमा छैटौं संस्करणको यार्तुङ महोत्सव सञ्चालन गर्दै छौं। साउन १८ देखि २० गतेसम्म महोत्सव हुनेछ। यार्तुङमा हामीले स्थानीय स्याब्रो नाच, सांस्कृतिक झाँकी र स्थानीय मौलिक भेषभूषा पहिरिएर फेसन शो तथा लाइभ कन्सर्ट गर्दै छौं।

कागबेनी यार्तुङमा आन्तरिक तथा बाह्य पर्यटकलाई आकर्षित गर्ने उद्देश्यले हामीले परम्परागत घोडा दौड, तारा खेल र डोरी तान्ने खेल राखेका छौं। मनोरञ्जनका लागि राष्ट्रिय कलाकारहरूलाई आमन्त्रण गरेका छौं।

विगतमा हामीले जुन ढंगले सांस्कृतिक पर्व यार्तुङलाई मनाउँदै आएका थियौं, पछिल्लो समय यसलाई पर्यटनसँग जोड्ने प्रयास गरेका छौं। त्यसो त मुस्ताङ भन्नेबित्तिकै स्वदेशी तथा विदेशी पर्यटकका लागि एउटा ब्रान्ड नै हो। यद्यपि यसको साख र गरिमालाई कालान्तरसम्म जोगाउनु अपरिहार्य छ। कला, संस्कृति र मौलिकता जोगाउने दायित्व स्थानीय तहको हो।

त्यसैकारण स्थानीय स्तरमा निरन्तर साथ सहयोग गर्दै आएका छौं। यार्तुङ हिमाली क्षेत्रको मौलिक आयाम भएकाले यसको अवलोकन गरिदिन र यसको महत्वलाई अझ वृद्धि गर्न सबै क्षेत्रको साथ र सहयोग आवश्यक छ।

*(गुरुङ वारागुङ मुक्तिक्षेत्र ४ कागबेनीका वडाध्यक्ष हुन् ।)*

# 'सीधा कुरा' विरुद्ध अदालतको अपहेलनाको फैसला भदौ ६ गते

**अन्नपूर्ण** | *काठमाडौं*

सर्वोच्च अदालतको बृहत् पूर्ण इजलासले अदालतको अपहेलना मुद्दामा 'सीधा कुरा' नामक अनलाइन र युट्युब च्यानलका प्रकाशक, कार्यकारी सम्पादक विरुद्धको मुद्दामा भदौ ६ गते फैसला (निसु) को मिति तोकेको छ। अदालतको बृहत् पूर्ण इजलासले बिहीबार उक्त मुद्दामा सुनुवाइ गरी फैसलाको मिति निर्धारण गरेको हो।

सर्वोच्चका सूचना अधिकारी गोविन्द घिमिरेका अनुसार मुद्दाको बहसमा सहभागी कानुन व्यवसायीहरूलाई १५ दिनभित्र 'बहस नोट' पेस गर्ने समय दिइएको छ। त्यसपछि भदौ ६ गते निसुको मिति तोकिएको घिमिरेले जानकारी दिए।

सर्वोच्च अदालतले सीधा कुरा अनलाइनका सञ्चालक युवराज कँडेल र कार्यकारी सम्पादक नवीन ढुंगानालगायत विरुद्ध अदालतको



अपहेलना मुद्दा फैसलाका लागि ९ जना न्यायाधीशको बृहत् पूर्ण इजलास गठन गरेको थियो। बृहत् पूर्ण इजलासमा प्रधानन्यायाधीश विश्वम्भरप्रसाद श्रेष्ठ, न्यायाधीशहरू प्रकाशमान सिंह राउत, सपना प्रधान मल्ल, प्रकाशकुमार ढुंगाना, हरिप्रसाद फुँयाल, नहकुल सुवेदी, विनोद शर्मा, महेश शर्मा पौडेल र बालकृष्ण ढकाल छन्।

'सीधा कुरा' नामको अनलाइनले सर्वोच्च अदालतका न्यायाधीश, मिडिया सञ्चालक, कानुन व्यवसायीका सम्बन्धमा भ्रामक प्रचार सामग्री तयार पारी प्रसारण र प्रकाशन गरेको थियो। उक्त कार्यले अदालतको न्याय सम्पादनमा नै असर परेको भन्दै सर्वोच्च अदालतका उपरजिष्ट्रार गोविन्द घिमिरेले सीधा कुराविरुद्ध अदालतको अपहेलना मुद्दामा निवेदन दिएका थिए।

'सीधा कुरा'ले तयार पारेको अडियो सामग्री भ्रामक र असत्य भएको प्रहरी अनुसन्धानबाट स्पष्ट भइसकेको छ। प्रहरीले तयार पारेको प्रतिवेदनका आधारमा सीधा कुराका प्रकाशक र कार्यकारी सम्पादकविरुद्ध जिल्ला अदालत काठमाडौंमा मुद्दा दायर भएको छ। कँडेल र ढुंगाना फरार छन्।

## भेनेजुएलामा रहेको अर्जेन्टिनाको दूतावास ब्राजिलको नियन्त्रणमा

**ब्युनस आयर्स** (एएफपी) : अर्जेन्टिनाका राष्ट्रपति जेभियर मिलेइले बिहीबार भेनेजुएलामा आफ्नो देशको दूतावासको जिम्मा लिएकामा ब्राजिललाई धन्यवाद दिएका छन्। ब्युनस आयर्ससले भेनेजुएलाका राष्ट्रपतिमा निकोलस मदुरो पुनर्निर्वाचित भएकामा प्रश्न उठाएपछि कर्मचारीहरूलाई छाड्न आदेश दिएपछि ब्राजिलले अजेन्टिनाको दूतावासको जिम्मा लिएको हो।

अर्जेन्टिना सात ल्याटिन अमेरिकी मुलुकमध्ये एक हो जसका कूटनीतिक कर्मचारीहरूलाई भेनेजुएला छाड्न भनिएको थियो। ती ७ ल्याटिन मुलुकका सरकारहरूले आइतबारको निर्वाचन परिणामको पूर्णसमीक्षा गर्न आग्रह गर्दै संयुक्त विज्ञप्तिमा हस्ताक्षर गरेका थिए। भेनेजुएलाका छ जना विपक्षी व्यक्तिहरू हाल अर्जेन्टिनी दूतावासमा सुरक्षामा छन्।

'भेनेजुएलामा अर्जेन्टिनाको दूतावासको रेखदेख गर्ने ब्राजिलको इच्छाप्रति म अत्यन्तै आभारी छु', माइलीले सामाजिक सञ्जाल एक्समा लेखेका छन्, 'हामी अर्जेन्टिना गणतन्त्र र त्यहाँका नागरिकहरूको हितको अस्थायी प्रतिनिधित्वका लागि आभारी छौं।'

# ओली चाहन्थे राष्ट्रपति, बने एमाले उपाध्यक्ष

## केन्द्रीय सदस्यदेखि सल्लाहकार परिषद् विस्तार

**सुरेन्द्र काफ्ले** | *काठमाडौं*

एमाले उपाध्यक्षमा गुरु बराल मनोनीत भएका छन्। सुवास नेम्बाङको निधनपछि रिक्त पदमा बराललाई मनोनीत गरिएको थियो। पार्टीको बिहीबार बसेको सचिवालय बैठकले पुराना नेता बराललाई उपाध्यक्ष बनाउने सर्वसम्मत निर्णय गरेको हो। पार्टीलाई चलायमान बनाउने भन्दै बैठकले केन्द्रीय सदस्यदेखि सल्लाहकार परिषद्मा समेत सदस्यहरू मनोनीत गरेको छ।

उपाध्यक्ष मनोनीत भएका बराल यसअघि बागमती प्रदेश इन्चार्जको जिम्मेवारीमा थिए। आफू ०२९ सालदेखि नै पार्टीमा क्रियाशील रहेको बरालले बताए। मोरङको सुन्दर हरैंचास्थित काजिलाल माध्यमिक विद्यालय दुलारीको प्रारम्भिक कमिटीमा आबद्ध भई उनको राजनीतिक जीवनको सुरुवात भएको थियो। ०३१ सालमा महेन्द्र मोरङ बहुमुखी क्याम्पस विराटनगरको स्ववियुको सदस्य निर्वाचित भएका थिए। केही समय शिक्षक राजनीतिमा संलग्न पनि भए।

०४४ सालमा नेकपा (माले) को मोरङ जिल्ला कमिटी सचिव भएका बराल ०४६ मा तत्कालीन



कोशी अञ्चलको इञ्चार्ज थिए। २०५० सालमा मदन भण्डारी स्मृति प्रतिष्ठान बनाए। त्यसको अध्यक्ष भए।

०५१ सालको मध्यावधि निर्वाचनमा मोरङ-६ बाट प्रतिनिधिसभा सदस्यमा निर्वाचित भएका थिए। ०४९ सालदेखि लगातार पार्टी केन्द्रीय कमिटीमा रहँदै आएका छन्। ०७९ सालको निर्वाचनपछि राष्ट्रपतिमा पनि उनको नाम चर्चामा थियो। सधैं जसो एमाले अध्यक्ष केपी शर्मा ओली निकट रहँदै आएका बराल केन्द्रीय कमिटी सदस्य, पोलिटब्युरो, स्थायी कमिटी हुँदै उपाध्यक्ष मनोनीत भएका हुन्।

**न्यौपाने र श्रेष्ठ स्थायी समितिमा**

एमालेले पार्टी संगठनलाई चलायमान बनाउने भन्दै नेताहरूको जिम्मेवारी बाँडफाँट पनि गरेको छ। बैठकले स्थायी कमिटी सदस्यमा दुई जनालाई मनोनीत गरेको छ। एकीकृत समाजवादीबाट पार्टीमा फर्किएका मुकुन्द न्यौपाने र पूर्वमन्त्री लीलानाथ श्रेष्ठलाई स्थायी कमिटीमा मनोनीत गरिएको पार्टी महासचिव शंकर पोखरेलले जानकारी दिए।

न्यौपाने पनि एमालेका पुराना नेता हुन्। एमाले विभाजन भएर बनेको एकीकृत समाजवादीमा माधवकुमार नेपाल र झलनाथ खनालपछि तेस्रो वरियाताक्रममा थिए। तर, लामो समय एकीकृत समाजवादीमा उनी रहन सकेनन् र पुनः एमालेमै फर्के। श्रेष्ठ पनि सिराहाका पुराना नेता हुन्। दोस्रो संविधानका सभाको निर्वाचनमा माओवादी केन्द्र अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डलाई जिताउन श्रेष्ठलाई प्राविधिक रूपमा हराइएको चर्चा पनि चल्ने गरेको छ।

**सातै प्रदेशका इञ्चार्जमा फेरबदल**

एमालेले सातवटै प्रदेशका इञ्चार्ज पनि फेरबदल गरेको छ। महासचिव पोखरेलका अनुसार शेरधन राईलाई कोशी प्रदेशको इञ्चार्ज बनाइएको छ। त्यस्तै लीलानाथ श्रेष्ठलाई मधेस प्रदेश इञ्चार्ज बनाइएको छ भने डा. राजन भट्टराईलाई बागमती प्रदेश इञ्चार्ज बनाइएको छ।

गण्डकी प्रदेशको इञ्चार्जमा किरण गुरुङ, लुम्बिनीको इञ्चार्ज पद्माकुमारी अर्याल बनेका छन् । त्यस्तै गोरखबहादुर बोगटी कर्णाली र लेखराज भट्ट सुदूरपश्चिम प्रदेश पार्टी इञ्चार्ज बनाइएका छन्। अर्याल र भट्ट यसअघि लुम्बिनी र सुप इन्चार्ज थिए।

**१७ जना केन्द्रीय सदस्य थप**

एमालेले १७ केन्द्रीय सदस्य थप गरेको छ। सुवास कर्माचार्य (सिन्धुपाल्चोक), कुन्दन कुशवाह (रौतहट), जितेन्द्रनारायण देव (सप्तरी) र रामपृत राम (सिरहा) केन्द्रीय सदस्यमा थपिएका छन्। उनीहरू विभिन्न पार्टी परित्याग गरी एमालेमा प्रवेश गरेका हुन्। कर्माचार्य एकीकृत समाजवादीबाट, कुशवाहा र रामपृत आम जनता पार्टीबाट तथा जितेन्द्रदेव कांग्रेसबाट एमालेमा प्रवेश गरेका हुन्।

यस्तै, कृष्णभक्त पोखरेल (चितवन), कमलकृष्ण तिमिल्सिना (अछाम), गोविन्द पुन (सल्यान), केदार सिग्देल (तनहुँ), मनमोहन पौडेल (पर्वत), भरदेव जोशी (दार्चुला), हरि उप्रेती (सर्लाही), इन्द्र भण्डारी (झापा), महेशकुमार बर्तौला (मकवानपुर), सरिता भुसाल (किसान महासंघ), प्रभा बराल (कास्की), मञ्जु शर्मा चालिसे (बागलुङ) र आशा जवेगु (पाँचथर) लाई केन्द्रीय सदस्य मनोनीत गरिएको महासचिव पोखरेलले जानकारी दिए।

आयोगमा पनि थप

यसैगरी पार्टीको निर्वाचन आयोगमा अमनसिंह तामाङ (सिन्धुपाल्चोक), झवी पोखरेल (कपिलवस्तु), नर्मदा भण्डारी (गुल्मी), रत्ना गुरुङ (काठमाडौं) र कमला केसी (कैलाली) मनोनीत भएका छन्। अनुशासन आयोगको सदस्यमा मायानाथ अधिकारी मनोनीत भएका छन्।

बाँकी पृष्ठ ६